नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौं

(प्रशासन शाखा)

पत्र संख्याः प्र.०७७/७८

च. नं. : 2953

मितिः-२०७८/०१/०७

विषयः- सूचना ।

नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको संक्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार(मन्त्रिपरिषद्)को मिति २०७८/०१/०६ को निर्णयबाट भएको आदेश कार्यान्वयनका सम्बन्धमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३०४४, मिति २०७८/०१/०६ को पत्रबाट निर्देशन प्राप्त भएकोले देहाय बमोजिम गर्नु गराउनु हुन सम्पूर्ण सरोकारवाला महानुभावहरुमा जिल्ला प्रशासन कार्यालय काठमाडौं हार्दिक अनुरोध गर्दछ ।

१. काठमाडौं जिल्लाका सबै महानगरपालिका तथा नगरपालिकामा रहेका शैक्षिक संस्था (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) मा संवत् २०७८ साल बैशाख मसान्तसम्म भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरु अपनाई शैक्षिक गतिविधि सञ्चालन गर्ने ।

२. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

३. सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशाखामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भीडभाड हुने अन्य प्रकारका सबै कार्यक्रम संवत् २०७८ साल बैशाख मसान्त सम्म बन्द गर्ने ।

४. एक पटकमा २५ जना भन्दा बढी भेला नहुने साथै सपिङ मल, डिपार्टमेण्टल स्टोरका सञ्चालक/व्यवस्थापकले जनस्वास्थका मापदण्डको पूर्ण पालना गरी व्यवसाय सञ्चालन गर्ने ।

५. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा २५ जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी मात्र यस्ता कार्यहरु सञ्चालन गर्ने ।

६. विवाह वा ब्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी बढीमा २५ जना मात्र सहभागी हुने कार्यको लागि यस कार्यालयमा निवेदन सहित उपस्थित भएमा अनुमति प्रदान गरिने छ । तर, २५ जना भन्दा कम व्यक्तिहरु सहभागी भई आफ्नै घर कम्पाउण्डमा विवाह वा ब्रतबन्ध कार्य गर्न अनुमति लिनु पर्ने छैन् ।

मन बहादुर लुहा
प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना- बबरमहल, काठमाडौं, नेपाल।
फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५, फ्याक्सः- ०१-४२६२८२८
इमेल :daokathmandu@moha.gov.np वेबसाइटः daokathmandu.moha.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काठमाडौं

(प्रशासन शाखा)

पत्र संख्याः प्र.०७७/७८

च. नं. : २९३२

७. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने, गराउने ।

८. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने ।

९. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्नेः

क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

गं) सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजरको व्यवस्था गर्ने,

घ) चालक तथा सहचालकले मास्क र भाइजर लगाउने,

ङ) सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्ने,

च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा रु. १०/- लिई मास्क उपलब्ध गराउने,

छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

ज) लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (DCCMC) काठमाडौंलाई उपलब्ध गराउने ।

१०. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा रु. १०/- लिई मास्क उपलब्ध गराउने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

११. होटल तथा रेष्टुरेण्टहरु बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

११. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि देहाय बमोजिम गर्नेः-

(क) जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने,

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काठमाडौं

(प्रशासन शाखा)

पत्र संख्याः प्र.०७७/७८

च. नं. :

(ख) घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने,

(ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क जथाभावी नफाल्ने,

(घ) विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा १० दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने,

(ङ) पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने,

(च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने,

(छ) अन्य व्यक्तिले जनस्वास्थ्य मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने,

(ज) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने।

१४. माथि उल्लिखित आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन,२०२० बमोजिम कारबाही र सजाय भई जाने ब्यहोरा समेत अनुरोध छ ।

२०७८/०१/०८

मान बहादुर बुढा

प्रमुख जिल्ला अधिकृत

कार्यालयको ठेगाना- बबरमहल, काठमाडौं, नेपाल।

फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५, फ्याक्सः- ०१-४२६२८२८

इमेल :daokathmandu@moha.gov.np वेवसाइटः daokathmandu.moha.gov.np